नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## आर्थिक प्रशासन शाखा

फो.नं.
४२०००००
४२००४६०
४२००२८७
सिंहदरबार काठमाण्डौं

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौं

प.सं.०७४/७५
च.नं. ३८६

मितिः २०७४/१०/१४

विषयः अन्तिम लेखापरीक्षण नगरएको सम्वन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
सप्तरी जिल्लास्थित नगरपालिकाहरुः डाक्नेश्वरी, वोधेवर्साइन, खडक ।
सप्तरी जिल्लास्थित गाउँपालिकाहरुः अग्निसाईर कृष्णासवरन,वेल्हीचपेना, विष्णुपुर, बलान विहुल ।
महोत्तरी जिल्लास्थित नगरपालिकाहरुः गौशाला, बलवा, लोहरपट्टी, मनरा सिसवा, औरही, भँगाहा ।
महोत्तरी जिल्लास्थित गाउँपालिकाहरुः सोनमा, सम्सी, महोत्तरी, पिपरा, एकडारा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयहरुले आ.व. ०७३/७४ को आर्थिक कारोवारको श्रेस्ता महालेखा परिक्षकको कार्यालयमा अन्तिम लेखापरीक्षणको लागि पेश नगरी लेखापरीक्षण नगराएको भनि यस मन्त्रालयमा जानकारी हुन आएकोले के कति कारणवाट श्रेस्ता कागजात पेश नगरी लेखापरीक्षण नगराईएको हो ? तत्काल सो को स्पष्ट जानकारी यस मन्त्रालयलाई दिनुहुन अनुरोध छ । साथै, श्रेस्ता कागजात पेश नगरी लेखापरीक्षण नगराउने कर्मचारीलाई आर्थिक कार्यविधि एन, २०५५ को दफा १६ को उपदफा (२) वमोजिम प्रत्येक कलममा रु. २५ रुपैयासम्म जरिवाना गरी विभागीय कार्वाही गर्ने प्रावधान रहेको तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९४ मा लेखा नराखे वा प्रतिवेदन पेश नगर्ने सम्वन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखलाई लेखा नराखेकोमा लेखा नराखेको रकमको ५ प्रतिशतसम्म र प्रतिवेदन पेश नगरेकोमा ७ दिनको तलव वरावरको रकम जरिवाना गर्नु पर्नेछ भन्ने प्रावधान रहेकोले तत्काल महालेखा परीक्षकको कार्यालयवाट खटिई आउने डोर समक्ष श्रेस्ता कागजात पेश गरी गराई लेखापरीक्षण गराउनु हुन र सो को जानकारी यस मन्त्रालयलाई दिनु हुन अनुरोध छ ।

(ढुण्डी प्रसाद निरौला)
उपसचिव (लेखा)

**वोधार्थः**
श्री महालेखा परीक्षकको कार्यालय,
सङ्घीय मामिला तथा स्थानीय विकास निर्देशनालय, पुल्चोक ललितपुर ।
श्री अर्थ मन्त्रालय सिंहदरवार ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सप्तरी, महोत्तरीः- उपरोक्त वमोजिम लेखापरीक्षण र प्रतिवेदन पेश नगर्ने तहाँस्थित उल्लिखित स्थानीय तहहरुको आर्थिक प्रशासन शाखाका कर्मचारीहरुलाई श्रेस्ता पेश गर्न लगाउने कार्यमा सहजीकरण गरी सहयोग गरीदिनुहुन ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
सप्तरी, महोत्तरीः- उपरोक्त वमोजिम लेखा परीक्षण गर्नका लागि समन्वय गरिदिनुहुन । साथै साविक जि.वि.स. अन्तर्गतका गा.वि.स.हरुको नगदी, जिन्सी लगायतको सम्पत्ति नयाँ कायम भएका स्थानीय तह (गाउँपालिका तथा नगरपालिका) मा वरवुझारथ गरी जिन्सी सम्पत्तिको विवरण आषाढ मसान्तभित्र सार्वजनिक गरी सक्नुपर्ने कुरा कार्यकारी आदेश २०७३ तथा २०७४ मार्फत जानकारी गराईएको अवस्थामा पनि यति लामो समयसम्म श्रेस्ता वरवुझारथ नहुनु, वडा सचिवहरुकै जिम्मामा श्रेस्ता कागजात रहनु प्रशासकीय दृष्टिकोणले गंभिर त्रुटी ठहरिने भएको हुँदा त्यसरी श्रेस्ता पेश नगर्ने, वरवुझारथ नगर्ने वडा सचिवहरुलाई तरताकेता गरी तत्काल सम्वन्धित गाउँपालिका तथा नगरपालिकामा करवुझारथ गरी गराई म.ले.प. वाट खटिई आउने डोर समक्ष श्रेस्ता पेश गरी लेखापरीक्षण गर्न लगाउने कार्यको लागि सम्वन्धित वडा सचिवहरुलाई जानकारी गराउन हुन समेत अनुरोध गर्दछु ।